# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७८/०७९ बैठक ब्यवस्थापन शाखा

च.नं.: 2672

मितिः-२०७९/०१/०९

विषयः- निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

**श्री मनहरी गाउँ कार्यपालिका**
**सबै शाखा/उपशाखा प्रमुखहरु**
**वडा कार्यालय/वडा सचिवहरु**
**मनहरी, मकवानपुर ।**

प्रस्तुत विषयमा मिति २०७९ बैशाख ०७ गते बुधवार वसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान ३ (तीन) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

..................................

मोहनकुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९ बैशाख ०६ गते बुधवार दिन अपरान्ह ०३ बजे देखि यस मनहरी गाउँपालिकाको तेह्रौ कार्यपालिका बैठक गा.पा. अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. श्री एकराज उप्रेती | गा.पा. अध्यक्ष | अध्यक्ष |
| २. श्री मनिला विष्ट | गा.पा. उपाध्यक्ष | सदस्य |
| ३. श्री आनन्द घलान | २ नं.वडा अध्यक्ष | सदस्य |
| ४. श्री गोपिलाल मोक्तान | ६ नं.वडा अध्यक्ष | सदस्य |
| ५. श्री ठाकुरराम तिटुङ | ७ नं.वडा अध्यक्ष | सदस्य |
| ६. श्री दिलबहादुर स्याङतान | ८ नं.वडा अध्यक्ष | सदस्य |
| ७. श्री ध्रुव खड्का | ४ नं.वडा अध्यक्ष | सदस्य |
| ८. श्री विष्णु थिङ | ३ नं.का.बा.वडा अध्यक्ष | सदस्य |
| ९. श्री साधुराम अधिकारी | ९ नं.वडा अध्यक्ष | सदस्य |
| १०. श्री शिव प्रसाद खनाल | १ नं.वडा अध्यक्ष | सदस्य |
| ११. श्री शुभराज थिङ | ५ नं.वडा अध्यक्ष | सदस्य |
| १२. श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| १३. श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| १४. श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य |
| १५. श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| १६. श्री गीता कुमारी प्रजा | दलित/अल्पसंख्यक सदस्य | सदस्य |
| १७. श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रसाशकिय अधिकृत | सचिव |

आमन्त्रित/सहयोगी

१.

**मिति २०७९ बैशाख ०७ गते बुधवार बसेको कार्यपालिका बैठकको निर्णय**

**<u>बैठकमा छलफलका विषयवस्तु</u>**

1. मनहरी खोलाको नदीजन्य पदार्थ उत्खनन, ब्यवस्थापन सम्बन्धमा ।
2. उच्च अदालत पाटन हेटौडामा परेको नदीजन्य पदार्थ ठेक्का मुद्दाको प्रतिरक्षा सम्बन्धमा ।
3. विपन्न वर्गको निशुल्क थप स्वास्थ्य विमा गर्ने सम्वन्धमा ।
4. गरीव घर परिवारको नाम समावेश गरी पठाउने सम्वन्धमा ।
5. आन्तरिक लेखापरिक्षण कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।
6. विविध

**<u>निर्णयहरु</u>**

१. प्रस्तव नं. १ उपर छलफल हुँदा मनहरी गाउँपालिका अन्तरगत रहेको मनहरी खोलाको राजमार्ग पुल उत्तर तर्फ ५०० मिटर भन्दा माथिवाट नदी वगरमा ग्राभेल उत्खनन र ब्यवस्थापन गर्ने गरी मिति २०७८/१२/१५ मा वसेको कार्यपालिका बैठकले अनुमोदन गरेको प्रारंभिक वातावरणिय परीक्षण(IEE) प्रतिवेदन अनुसार वार्षिक उत्खनन योग्य परिमाण ५८,९५९.६९ घनमिटर ग्राभेल उत्खनन् संकलन गर्ने सम्वन्धमा देहाय अनुसार गर्न कार्यालयलाई निर्देशन दिने ।

क. उत्खनन योग्य परिमाणको वढिमा ४५ प्रतिशत सम्म पहिलो चरणमा उत्खनन् कार्य गराउने ।

ख. उत्खननमा प्रयोग हुने मेसिनरी औजारका लागि सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार दरभाउ पत्रको माध्यमवाट घटाघटको अधारमा भाडामा लिने ।

ग. उत्खनन् कार्यमा मेसिनरी औजारहरुको प्रयोग गर्नुपर्ने भएमा २ वटा सम्म प्रयोगको ब्यवस्था मिलाउने ।

घ. उत्खनन शुल्क गाउँसभाले तोके अनुसारका प्रति घनमिटर रु.१००.०० का दरले लिने ।

ङ. उत्खनन भएको परिमाण गाउँपालिका/प्रदेश/संघीय सरकारवाट स्वीकृत योजनाका उपभोक्ता समितिहरुलाई प्राथमिकताका साथ उपलब्ध गराउने ।

च. उत्खनन कार्य स्वीकृत प्रतिवेदन र गाउँपालिकाको नदीजन्य पदार्यको संकलन एवं विक्री शुल्क उठाउने सम्वन्धी कार्ययोजना, २०७८ अनुसार गराउने ।

छ. कार्यालयले उत्खनकका लागि प्रयोग हुने मेसिन मात्र भाडामा लिने भएकाले ढुवानीका साधनहरु सम्वन्धित उपभोक्ताले ब्यवस्था गर्ने र ढुवानीमा हेभी साधन भन्दा ट्याक्टरलाई पहिलो प्राथमिकता दिने ।

ज. हाल पहिलो चरणको मात्र उत्खनन गर्ने भएकाले दोश्रो चरणको उत्खनन कार्य मौसमको अनुकलता हेरी लगत्तै उपराक्तानुसार गर्ने ब्यवस्था कार्यालयले मिलाउने ।

मिति २०७९ बैशाख ०७ गते बुधवार बसेको कार्यपालिका वैठकको निर्णय

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. ४ स्थित शिवशक्ति ईन्फ्रा डेभलपर्स प्रा.लि.का संचालक लक्ष्मी प्रसाद पाठकले मकवानपुर जिल्ला अदालतमा २०७८-CP-०५९४ को करार बमोजिमको रकम क्षतिपुर्ति दिलाई पाउँ भनि गाउँपालिकाको तर्फवाट उक्त मुद्दा प्रतिरक्षाका लागि प्रमाण पेश गर्न गठित समिति, कार्यपालिका सदस्य राधादेवी पाठक तथा वरिष्ठ अधिवक्ता श्री एकराज बास्तोला र अधिवक्ता श्री मुकुन्द अधिकारी समेतको प्रयास स्वरुप मिति २०७८/१२/२४ को फैसलाले संझौता र बैक जमानत अलग विषयवस्तु भएका कारण प्रतिवादीले पेश गरेको बैक ग्यारेन्टीवाट कार्यालयले रकम असुलीका लागि फुकुवा भएको ।

निज प्रा.लि.ले पुनः श्री उच्च अदालत पाटन हेटौडा इजलास समक्ष करारको यथावत परिपालना गराईपाउँ भनि दिएको निवेदन को आधारमा मिति २०७८/१२/२९ गते भएको आदेश दायरी नं.०७८-FN-००४९ अनुसार सो बैक ग्यारेन्टीको रकम यथास्थितिमा राख्नु भनि अन्तरकालिन आदेश जारी भएकाले साविक बमोजिम नै कामकाज गरी प्रमाण पेश गर्न र उच्च अदालत समक्ष अन्तरकालिन आदेश वदर गर्ने, निवेदन, लिखित जवाफ तयार गर्ने, बहस पैरवि गर्ने लगायतका कानुन ब्यवसायीले जे जति जसरी काम गर्नु पर्ने हो सो मुद्दाको प्रतिरक्षा सम्वन्धी कार्यहरु गर्न तथा वरिष्ठ अधिवक्ता श्री एकराज बास्तोला र अधिवक्ता श्री मुकुन्द अधिकारीलाई नै अख्तीयारी तोक्ने । तोकिएका कानुन ब्यवसायीहरुलाई दिनुपर्ने पारिश्रमिक लगायतका सेवा शुल्कहरु कार्यालयले साविक बमोजिम नै गर्ने ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस मनहरी गाउँपालिकाले पालिका भित्रका ९३२ जना बिपन्न परिवारको नि शुल्क स्वास्थ्य बिमा गरीकोमा देहायबमजिम का वडाहरुमा १०० बिपन्न परिवारमा समावेश नभएका र स्वास्थ्य बिमा कार्यक्रमले समेट्नु पर्ने बिपन्न परिवारको जानकारी गराउदै वडा सिफारिस समितिले सिफारिस गरेका तपसिल बमोजिमका बिपन्न परिवारहरुको सुचिलाई अनुमोदन गरि निशुल्क स्वास्थ्य बिमा गर्न वडालाई अनुरोध गर्ने ।

| क्र स | वडा नं | सिफारीस भएको बिपन्न परिवारको संख्या | कैफियत |
|---|---|---|---|
| १ | वडा नं ५ | १२ | वडा स्तरीय सिफारिस समितिले सिफारिस गरेको |
| २ | वडा नं ८ | ७ | वडा स्तरीय सिफारिस समितिले सिफारिस गरेको |
| | जम्मा | १९ | |

मिति २०७९ बैशाख ०७ गते बुधवार बसेको कार्यपालिका बैठकको निर्णय

४. प्रस्ताब नं ४ उपर छलफल गर्दा आ.ब. २०७६।९७७ देखि नेपाल सरकार भूमि व्यबस्था, सहकारी तथा गरिबि निबारण मन्त्रालयको सहयोग र समन्वयमा यस गाउँपालिकामा समेत संचालित गरिब परिवार पहिचान तथा परिचय पत्र बितरण कार्यक्रमबाट छनौट भएका अति गरिब, मध्ययम गरिब र सामान्य गरिब परिवार गरि १४०० परिवारको प्रारम्भिक नामावली प्राप्त भएकोमा सोही मन्त्रालयबाट जारी गुनासो सुनुवाई मार्गदर्शन, २०७८ बमोजिम सुनुवाई प्रयोजनको लागि वडागत सूचना प्रकाशन गर्दा प्रारम्भिक सूचिमा नाम समावेश नभएकोले समावेश गरिपाउ भनि अनुसूचि २ बमोजिम ७२९ परिवारको आबेदन दर्ता हुन आएको मध्ये ७२३ परिवारको सम्बन्धित वडामा भएका वडा स्तरीय गुनासो सुनुवाई सहजीकरण समितिको सिफारिसको आधारमा सोही मार्गदर्शनको दफा ८ अनुसार गठन भएको गुनासो सुनुवाई समितिमा छलफल हुदा सबै आबेदनहरुलाई माग बमोजिम गरिब परिवारको सुचिमा समावेश गर्नेगरि मन्त्रालयमा सिफारिस गर्ने प्रयोजनको लागि कार्यपालिकालाई सिफारिस गर्ने भन्ने सो समितिको मिति २०७८।११।१३ को निर्णय समेतको आधारमा सबैको गुनासो मनासिब देखिएकाले गरिब परिवारको सुचिमा समाबेश गरिदिन अनुरोध गर्दै नेपाल सरकार, भूमि व्यबस्था, सहकारी तथा गरिबि निबारण मन्त्रालयलमा नामावली सहितको प्रमाणात बिबरण लगायत कागजात पठाउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल हुँदा स्थानीय सरकार संचालन ऐन. २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मनहरी गाउँपालिका, गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालय, स्वास्थ्य संस्था तथा अन्य आवश्यक संस्थाहरुको आर्थिक कारोवारलाई नियमित,ब्यवस्थित र पारदर्शी रुपमा राख्ने प्रयोजनका लागि "मनहरी गाउँपालिकाको आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७८" स्वीकृत गर्ने ।

६. विविध

क. आगामी आ.ब.२०७९/०८० मा न्यूनतम रोजगारीमा सम्लग्न हुन ईच्छुक मनहरी गाउँपालिका भित्रका बेरोजगार ब्यक्तिहरुले दिएको आवेदन दर्ता गरी अन्तिम सूचि प्रकाशन गर्ने प्रयोजनार्थ छलफल गरी कार्यालयवाट प्राप्त ६१३ जना आवेदकहरुलाई बेरोजगार ठहर गरी सुचिकरण प्रकृया अगाडि वढाउन कार्यालयलाई निर्देशन दिने ।

ख.बागमती प्रदेश सरकारवाट राजपत्रमा मिति २०७७/०१/१३ गते प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५(पहिलो संशोधन) को दफा ७ को उपदफा ३ अनुसार गाउँपालिका अध्यक्षले कार्यालयको कामको सिलसिलामा गरेको भ्रमण अवधि अनुमोदन गर्ने ।

उपरोक्तानुसारका निर्णयहरु सर्वसम्मत रुपमा गरी बैठक सम्पन्न गरियो ।

एकराज उप्रेती
अध्यक्ष